**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

**इ.प्रा.निर्देशन नं. ९/०६८**

**विषयः इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्ने तथ्याङ्क विवरण सम्वन्धी व्यवस्था ।**

देशको आर्थिक, मौद्रिक स्थिति एवं वित्तीय गतिविधिको मूल्याङ्कन एवं विश्लेषण गर्नुका साथै इजाजतपत्रप्राप्त संस्थाको गैर स्थलगत सुपरीवेक्षण गर्ने सन्दर्भमा बैंकिङ्ग तथा वित्तीय तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने हुँदा समयमै त्यस्ता तथ्याङ्क विवरणहरु सही एवं शुद्ध रुपमा उपलब्ध गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्ने तथ्याङ्क सम्बन्धी व्यवस्था सम्बन्धमा देहायको निर्देशन जारी गरिएको छ :-

१. इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्ना शाखाहरुको समेत समष्टिगत (Consolidated) रुपमा तयार गरी एकीकृत रुपमा निर्देशन फा.नं. ९.१, ९.२, ९.३, ९.३ (क), ९.४, ९.७, ९.८, ९.९, ९.१८, ९.१९ र ९.२० अनुसारका विवरणहरु मासिक रुपमा, ९.५, ९.६, ९.६.१, ९.१०, ९.११, ९.१२, ९.१५ र ९.१६ बमोजिमका विवरणहरु त्रैमासिक रुपमा कारोवार समाप्त भएको मितिले पन्ध्र दिनभित्र र ९.१४ त्रैमासिक रुपमा कारोवार समाप्त भएको मितिले ३५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्वन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

**तर "घ" वर्गका लघु वित्त वित्तीय संस्थाहरुले कारोवारको प्रकृतिको आधारमा कारोवार भएका विवरणहरु मात्र पठाउन सक्नेछन् ।**

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंक र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुले अन्तर बैंक कारोवार (Interbank transaction) सम्बन्धी निर्देशन फा.नं.९.१३ बमोजिमको प्रत्येक दिनको कारोवार विवरण सोही दिन कार्यालय समयभित्र यस विभागको इमेल ठेगाना nrbkibor@nrb.org.np मा पठाउनु पर्नेछ । कारोबार नभएमा समेत सोही व्यहोरा उल्लेख गरी पठाउनु पर्नेछ ।

३. यस निर्देशनमा उल्लेख गरिएको विवरण बाहेक यस बैंकको सम्बन्धित शाखा कार्यालयमा पठाउनु पर्ने विवरणहरु नियमित रुपमा पठाउनु पर्नेछ । वित्तीय संस्थाहरुले आफूले प्रयोग नगर्ने प्रकृतिका कारोवारहरु भएमा संलग्न फारममा कारोवार नभएको भनी उल्लेख गरी पठाउनु पर्नेछ ।

४. **"घ" वर्गका लघु वित्त वित्तीय संस्थाहरुले निर्देशन फा.नं. ९.१७ बमोजिमको तथ्यांक विवरण समेत मासिक रुपमा बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।**

५. उपरोक्त व्यवस्था अनुरुप इजाजतपत्रप्राप्त संस्थाहरुले उल्लेखित समयमा तथ्याङ्क नपठाएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानुन वमोजिम इजाजतपत्रप्राप्त संस्थाको वर्गीकरणको आधारमा दशहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिवाना र अन्य कारवाही हुनेछ ।

६. इजाजतपत्रप्राप्त संस्थाहरुले यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनको लागि एउटा छुट्टै पदाधिकारी तोक्नु पर्नेछ । तथ्याङ्क विवरण पठाउंदा तोकिएको पदाधिकारीहरुको नाम, फोन नं. र इमेल ठेगाना समेत उल्लेख गर्नु पर्नेछ । तोकिएका विवरणहरु यथासमयमा प्राप्त नभएमा सम्वन्धित पदाधिकारीहरुलाई उत्तरदायी बनाई यस बैंकले दिएको निर्देशन वमोजिम कारवाही गर्नु पर्नेछ ।

७. **उपरोक्त तथ्यांकहरु यस बैंकको निम्नानुसारको इमेल ठेगानामा समेत इलेक्ट्रोनिक माध्यमबाट पठाउनु पर्नेछ ।**

"क" वर्गको लागि

| विभाग | इमेल ठेगाना |
|---|---|
| बैंक तथा वित्तीय संस्था नियमन विभाग | bfistata@nrb.org.np |
| बैंक सुपरिवेक्षण विभाग | bsdoffsite@nrb.org.np |
| अनुसन्धान विभाग | researchreportcb@nrb.org.np |

"ख" वर्गको लागि

| | |
|---|---|
| बैंक तथा वित्तीय संस्था नियमन विभाग | bfistatb@nrb.org.np |
| वित्तीय संस्था सुपरिवेक्षण विभाग | fsidreportsdb@nrb.org.np |
| अनुसन्धान विभाग | researchreportdb@nrb.org.np |

"ग" वर्गको लागि

| | |
|---|---|
| बैंक तथा वित्तीय संस्था नियमन विभाग | bfistatc@nrb.org.np |
| वित्तीय संस्था सुपरिवेक्षण विभाग | fsidreportsfc@nrb.org.np |
| अनुसन्धान विभाग | researchreportfc@nrb.org.np |

"घ" वर्गको लागि

| | |
|---|---|
| बैंक तथा वित्तीय संस्था नियमन विभाग | bfistatd@nrb.org.np |
| लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | nrbmfd@nrb.org.np |

साथै, यस निर्देशनमा उल्लेख भएदेखि बाहेक यस बैंकको अन्य विभाग/कार्यालयमा पठाउनु पर्ने विवरणहरु नियमित रुपमा पठाउनु पर्नेछ ।

८. **उपरोक्त तथ्यांकहरु इलेक्ट्रोनिक माध्यमबाट पठाउँदा एक्सेल सिट मार्फत पठाउनु पर्नेछ । यस प्रयोजनको लागि यस बैंकको वेवसाइटमा राखिएको एक्सेल सिट Reporting Format मा भएका फारमहरु भरी सोही बमोजिम पठाउनु पर्नेछ र नभएका फारामहरु छुट्टै एक्सेल सिटमा बनाई पठाउनु पर्नेछ । निर्धारित ढाँचामा आफूखुसी कुनै थपघट गर्न पाइने छैन । तथ्याङ्क विवरण "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले अनिवार्य रुपमा रु. दश लाखमा (Rs. in million) र "घ" वर्गका लघुवित्त विकास बैंकहरुले रु. हजारमा उल्लेख गरी पठाउनु पर्नेछ ।** तथ्याङ्क विवरण नेपाली भाषामा पठाउँदा अनिवार्य रुपमा bishall फण्टबाट पठाउनु पर्नेछ । यस्तो फण्ट यस बैंकको वेवसाइट *www.nrg.org.np* बाट समेत डाउनलोड गर्न सकिनेछ ।

९. **लघु वित्त/सहकारी/गैर सरकारी संस्थाको सुपरिवेक्षण सम्वन्धमा**

यस बैंकवाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त संस्थाहरु, सीमित बैकिङ्ग कारोवार गर्ने सहकारी संस्थाहरु, वित्तीय मध्यस्थता सम्वन्धी कार्य गर्ने गैर सरकारी संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण कार्य २०६७ श्रावण १ देखि लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले गर्ने गरी तोकिएको हुँदा उक्त संस्थाहरुले सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने भनी तोकिएका विवरणहरु उक्त विभागमा पेश गर्नु पर्नेछ ।

१०. **खारेजी र बचाउ**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०६८ को इजाजतपत्रप्राप्त सस्थाहरुले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्ने तथ्याङ्क विवरण सम्वन्धी व्यवस्था इ.प्रा. निर्देशन नं. ९/०६८ बाट जारी गरिएको निर्देशन ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

**<u>नोटः</u>** *यस निर्देशन अन्तरगतका संशोधन र थप भएका निर्देशन फारमहरु यसै परिपत्रमा संलग्न गरिएको र अन्य निर्देशन फारमहरु एकीकृत निर्देशन, २०६८ मा भए बमोजिम नै हुनेछ ।*